नेपाल सरकार

कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

प्रधानमन्त्री कृषि आधुनीकिकरण परियोजना

## परियोजना कार्यान्वयन इकाई जोन(आलु) नुवाकोट

### शितभण्डार गृह निर्माणकालागि प्रस्ताव आह्वानको सूचना

दोश्रो पटक प्रकाशन मिति २०७५/०१/२०

यस परियोजना कार्यान्वयन इकाई जोन आलु नुवाकोटको जोन कार्यक्षेत्र र आसपासमा उत्पादन भइरहेको आलु, उत्पादनोपरान्त क्षतिन्यूनिकरण, गुणस्तर प्रबर्द्दन, उपलब्ध परिमाणको सुनिस्चितता गर्न र व्यवसायिक उत्पादन एवं बजारिकरणमा सहयोग पुऱ्याउने उदेश्यले नीजिफर्म /कम्पनी/सहकारी संग साझेदारीमा शितभण्डार गृह निर्माणका लागि बढिमा ७० प्रतिशत पुजिगत अनुदानमा जोन कार्यक्षेत्र भित्र शितभण्डार गृह निर्माण तथा सञ्चालन गर्ने कार्यक्रम अनुसार मिति २०७४/१२/२० गते प्रकाशित सूचना अनुसार प्रयाप्त संख्यामा प्रस्तावहरु पेश हुन नआएकोले दोश्रो पटक यो सूचना प्रकाशन गरिएको छ । आयोजनाको उदेश्य अनुरुप सञ्चालन गर्न इच्छुक नीजिफर्म/कम्पनी/सहकारीहरु बाट सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र रितपूर्बक शिलबन्दी प्रस्ताव पेश गर्न आह्वान गरिएको छ ।

**<u>शर्तहरु</u>**

- शितभण्डार गृह स्थापना गर्न प्रस्ताबित गरिएको जग्गा परियोजना कार्यान्वयन इकाई जोन आलु नुवाकोटको कार्य क्षेत्र भित्र कम्तिमा १३.५ रोपनी हुनु पर्ने छ । उक्त जग्गा नीजिफर्म / कम्पनी / सहकारीको आफ्नै स्वामित्व वा कम्तीमा २० वर्षको लागि जग्गा करारमा लिई जग्गाको करार सम्झौता सहित सडक, बिद्युत, थ्रीफेज लाइन भएको वा जडान गर्न सकिने स्थान र आवस्यक पूर्बाधार ब्यवस्थापनको सरल र सुलभ पहुँच भएको हुनु पर्ने छ ।
- नीजिफार्म / कम्पनी / सहकारीहरु सूचना प्रकाशन भएको मिति अगावै कोल्ड स्टोरेज स्थापना, सञ्चालन गर्ने उदेश्य राखि प्रचलित कानुन बमोजिम दर्ता भएको हुनु पर्ने छ ।
- कृषि उपज भण्डारणको लागि शितभण्डार गृह कम्तीमा ५००० मेट्रिकटन क्षमताको मल्टीच्याम्बर सहितको हुनु पर्ने छ ।
- निर्माण गरिने शितभण्डार गृह बहुतले संरचना **Multistory cold storage Building** भएको र निर्माण गरिने जग्गाको माटो जाँच**Soil Test**को आधारमा **Foundation Design** तयार गरि पेश गर्नु पर्ने छ, साथै प्रारभिक वातावरण प्रभाव मूल्याङ्कन (IEE) को प्रतिबेदन समाबेश गर्नु पर्ने छ ।
- शितभण्डार गृह निर्माण गर्ने नीजिफार्म / कम्पनी / सहकारीहरुले आफ्नो तर्फ बाट कम्तिमा ३० प्रतिशत लगानी गर्नु पर्ने छ । ३० प्रतिशत लगानीको हिस्सा जोन क्षेत्र भित्रका नीजिफर्म / कम्पनी / सहकारी ब्यवसायिहरुको प्रत्यक्ष लगानिको प्रतिबद्दता हुनु पर्ने छ ।
- अन्य सर्तहरु शित भण्डार गृह स्थापना कार्यान्वयन कार्यबिधि २०७४ बमोजिम हुने छ ।
- शिलबन्दी प्रस्तावहरु परियोजना ब्यवस्थापन इकाई बसुन्धरा काठमाण्डौमा पेश गर्नु पर्ने छ ।
- शिलबन्दी प्रस्तावहरु सूचना प्रकाशन भएको मितिले १५ औ दिनको १:०० बजे सम्म दर्ता गरि सक्नु पर्नेछ र सोही दिन २:०० बजे परियोजना ब्यवस्थापन इकाई बसुन्धरा काठमाण्डौमा खोलिने छ । सो दिन सार्बजनिक बिदा पर्न गएमा कार्यालय खुलेको समयमा खोलिने छ । सो समयमा आबेदक वा निजको प्रतिनिधि उपस्थित हुनु पर्ने छ, नभएमा शिलबन्दी प्रस्ताव खोल्न कुनै बाधा पर्ने छैन । प्रस्ताव स्विकार गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस परियोजनामा निहित रहने छ ।
- अन्य कुराको हकमा नेपाल सरकारको प्रचलित ऐन नियम कानुन बमोजिम हुने छ ।